का.जि.प्र.का.द.नं. १००/०५९/६०


३० जेठ २०८१,
बुधबार
12 June 2024,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १२० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# देशभर डेंगुको त्रास
# ११ सय बढी बिरामी



**गर्मीसँगै बढेको तातो हावाले समेत डेंगु फैलिने वातावरण बनेको स्वास्थ्यकर्मीहरु बताउँछन् ।**

**सन्दिप वि.क/मध्यान्ह**
काठमाडौं, २९ जेठ ।

देशभर डेंगु फैलिएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी)को विवरणअनुसार ७१ जिल्लामा डेंगुका बिरामी फेला परेका छन् ।

गर्मीसँगै बढेको तातो हावाले समेत डेंगु फैलिने वातावरण बनेको स्वास्थ्यकर्मीहरु बताउँछन् ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार ७१ जिल्लामा एक हजार १३० जना डेंगुका बिरामी भेटिएका छन् ।

सबैभन्दा धेरै डेंगु संक्रमण काठमाडौं जिल्लामा देखिएको छ । ईडीसीडीको विवरणअनुसार काठमाडौंमा ११४ जना, झापामा १११ जना, चितवनमा ७३ जना, मकवानपुरमा ५८ जना बिरामी भेटिएका छन् ।

यीबाहेक अरू जिल्लामा डेंगुका बिरामीको संख्या ५० भन्दा कम रहेको छ ।

प्रदेश स्तरमा बाग्मती प्रदेशमा डेंगुका सबैभन्दा धेरै बिरामी भेटिएका छन् । बागमती प्रदेशमा ३९० जना डेंगुका बिरामी छन् भने कोशी प्रदेशमा २७२ जना डेंगुका बिरामी भेटिएका छन् । मधेश प्रदेशमा ३० जना, गण्डकी प्रदेशमा १७५ जना, लुम्बिनी प्रदेशमा १३२ जना, कर्णाली प्रदेशमा १६ जना र सुदूरपश्चिम प्रदेशमा ११५ जना रहेका छन् ।


ईडीसीडीको तथ्यांकअनुसार सन् २०२४ को जनवरी महिनादेखि जुन ९ सम्म देशभर एक हजार १ सय ३० जनामा डेंगु पुष्टि भएको हो ।

मनसुन शुरु भएसँगै डेंगु सङ्क्रमण बढ्ने महाशाखाको भनाइ छ । मनसुनमा एडिस एजिप्टाइ नामक लामखुट्टेको प्रजनन अनुकूल वातावरण हुने भएकाले डेंगु फैलिने ईडीसीडीले जनाएको छ ।

चिकित्सकका अनुसार डेंगु संक्रमित भएपछि जोर्नी तथा मांशपेशी दुख्ने हुन्छ । डेंगु ज्वरो एडिस एजिप्टाइ जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने रोग हो । यो लामखुट्टेले दिनको समयमा मात्र टोक्ने चिकित्सकहरु बताउँछन् । यो रोग मानिसबाट मानिसमा सिधै सर्दैन । वर्षातको महिनासँगै जतातत‌ै पानी जम्न थालेपछि यो रोगको प्रकोप हुने गरेको पाइन्छ ।

डेंगुका मुख्य लक्षणहरु अन्तर्गत अचानक धेरै ज्वरो आउनु, आँखाको वरिपरि तथा कन्चटमा धेरै दुख्न, सबै शरीर दुख्नु, घांटी बस्नु, साना बिमिरा आउनु रहेका छन् । शरीर चिलाउनु, वाकवाकी लाग्नु र वान्ता आउनु, छटपटी हुनु, रिंगटा लाग्नु, निद्रा नलाग्नु पृष्ठ २ मा

## कुन प्रदेशमा कति बिरामी ?




**मेयर भरत थापालाई अर्को मुद्दा**

# भ्रष्टाचार गरेर आफ्नै नाममा ताल

सर्लाहीको बागमती नगरपालिकामा माछा पोखरी 'भरत ताल' निर्माण गर्दा ३० करोड २९ लाख ३४ हजार ८९७ रुपैयाँ भ्रष्टाचार भएको दाबी गर्दै अख्तियारले थापाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २९ जेठ ।



अख्तियार दुरुपयोग अनुन्धान आयोगले सर्लाहीको बागमती नगरपालिकामा माछा पोखरी 'भरत ताल' निर्माण गर्दा भ्रष्टाचार भएको निष्कर्ष निचोड निकालेको छ। यही निचोडसहित अख्तियारले नगरपालिकाका मेयरसहित ६ जनाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ।

अखितयारले भरत ताल निर्माण गर्दा ३० करोड २९ लाख ३४ हजार ८९७ रुपैयाँ भ्रष्टाचार भएको दाबी गरेको छ ।

भरत थापा अघिल्लो कार्यकालमा समेत बागमती नगरपालिकामा मेयर थिए । थापाले ठूलो परिणाममा नदिजन्य वस्तुको उत्खनन् गरेर दुईवटा माछा पोखरी निर्माण गरेका थिए । ताल निर्माणपछि थापाकै नामबाट पोखरीको नाम 'भरत ताल' राखिएको थियो ।

अखितयार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार अघिल्लो मेयर थापाको अगुवाइमा उत्खनन् हुँदा निस्केको केही मात्रै नदिजन्य पदार्थको हिसाब देखाइ अरु हिनामिना गरेको अनुसन्धानबाट देखिएको छ ।

उनले भनेका छन्, 'मेयर भरत थापाको अगुवाइमा उत्खनन् हुँदा निस्केको केही मात्रै नदिजन्य पदार्थको हिसाब देखाइ अरु हिनामिना गरेको अनुसन्धानबाट देखिएको छ ।'

मेयर थापा, उपमेयर लीला कुमारी मुक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत बिमल कुमार पोखरेलसहितको मिलोमतोमा उत्खनन्का क्रममा १३ लाख ४० हजार ४१९.८९ घनमिटर परिमाण घोटाला भएको दाबी गरिएको छ । त्यसबाट राज्य कोषमा २६ करोड ८० लाख ८३ हजार ९८० र त्यसमा लाग्ने १३ प्रतिशत भ्याटसहित ३० करोड २ ९ लाख ३४ हजार ८९७ घोटाला भएको हो । अर्थात, अख्तियारले मेयरसहित नगरपालिकाको सिंगो टिम भ्रष्टाचारमा संदलग्न रहेको दाबीसहित मुद्दा दायर गरेको छ ।

बागमती नगरपालिकाको वडा नं ४ र १२ मा पर्ने दुईवटा बहुउद्देशीय माछा पोखरी निर्माण गर्दा गुरु योजना स्वीकृतसमेत नगरी बागमती नदीको वहाव प्रयोग गर्न स्वीकृति नलिई माछा पोखरी (हाल ताल) निर्माण गर्ने काम भएको आयोगको दाबी छ ।

आयोगका अनुसार पहिलो पोखरीबाट १७ लाख ८८ हजार २६४.१८ घनमिटर र दोस्रो पोखरीबाट २१ लाख ८४ हजार ९२७ घनमिटर वन पैदावार (नदीजन्य पदार्थ) गरी जम्मा ३९ लाख ७३ हजार १९१.१८ घनमिटर उत्खनन् भएको थियो ।

आयोगले मेयर थापा, उपमेर मोक्तान, प्रशासकीय अधिकृत पोखलसहित नरपालिकाका योजना शाखा प्रमुख पृष्ठ २ मा



> मेयर भरत कुमार थापाको अगुवाइमा उत्खनन् हुँदा निस्केको केही मात्रै नदीजन्य पदार्थको हिसाब देखाइ अरु हिनामिना गरेको अनुसन्धानबाट देखिएको छ ।
>
> **नरहरि घिमिरे**
> **प्रवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

**वैदेशिक रोजगार विशेष**

# मागपत्र प्रमाणीकरणमा यूएईस्थित दूतावासको अंकुश

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ जेठ

यूएईस्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरणमा सय संख्याको तगारो लगाएको छ । दूतावासले चार दिनअघि जुन ६ तारिकमा कामदारको मागपत्र प्रमाणीकरण अनलाइन प्रणालीबाट हुनेबारे नेपाली, अंग्रेजी र अरेबिक गरी तीन भाषामा जरुरी सूचना प्रकाशित गरेको छ ।

सूचनामा जुन १० तारिक अर्थात सोमबारबाट अनलाइन प्रणालीबाट मात्रै मागपत्र प्रमाणीकरणको प्रक्रिया शुरुवात गरिने भन्दै यूएईका रोजगारदातालाई मागपत्र प्रमाणीकरणका लागि यथाशीघ्र आधिकारिक वेबसाइटमा गएर युजर रजिस्ट्रेसन गराउन आग्रह गरेको छ । दूतावासले जुन १० देखि शुरु भएको मागपत्र अनलाइन गर्ने प्रक्रियाले सहज हुने भन्दै मागपत्रसम्बन्धी कागजात अपलोड गर्न अर्थात आवेदन गर्न सकिने दूतावासले बताएको छ ।

तर व्यवसायीहरुले सय जनाभन्दा कम संख्याको डिमाण्डमात्रै अनलाइनमा पेस गर्न सकिने र सयभन्दा बढीको डिमाण्ड भएको अवस्थामा रोजगारदाता कम्पनीको प्रतिनिधिसँग छलफल पृष्ठ २ मा

## ललितपुरमा श्रमाधान रोजगार मेला शुरु

**ललितपुर/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आयोजना गरेको श्रमाधान रोजगार मेला मंगलबारदेखि बागमती प्रदेशको ललितपुरस्थित पाटन बहुमुखी क्याम्पसमा शुरु भएको छ ।

रोजगार मेलाको उद्घाटन गर्दै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले मेलाले रोजगारीको अवसर मात्रै नभइ करिअर काउन्सिलको काम पनि गर्ने बताइन् । उनले भनिन्, 'मेलाले उद्यमी बन्न चाहनेका लागि सहज प्रक्रियाको जानकारी पनि दिनेछ । यस्तो खालको मेला हाम्रो मन्त्रालयले पनि यो वर्षदेखि करिअर काउन्सिलबाट शुरु गर्दैछ ।'

कुनै रोजगारीका लागि कस्तो खालको शिक्षा तथा सीपको आवश्यकता पर्दछ भन्ने विषयमा पनि छलफल गरिने उनले बताइन् । उनले उद्योग, शिक्षा र श्रम मन्त्रालयको सहकार्यमा भोकेशनल पृष्ठ २ मा

## लोकतान्त्रिक एशोसिएसनमा चार सदस्य मनोनीत

**काठमाडौं/मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको अध्यक्षमा दीपक थापाले चार जना वैदेशिक रोजगार व्यवसायीहरुलाई कार्यसमितिमा मनोनयन गरेका छन् ।

अध्यक्ष थापाले जब वर्ल्ड इन्टरनेशनल प्रा.लि.का जगत गुरुङ, सुपर्भ सोलुसन प्रा.लि.का प्रेमबहादुर बानिया, जेनेक्स एशोसिएसन प्रा.लि.का सञ्चालक देउ बहादुर गौतम (सविन गौतम) र भर्षा म्यानपावर प्रा.लि.का रविन मेघाले मगरलाई कार्यसमिति सदस्यमा मनोनयन पृष्ठ २ मा

**शिक्षाको बजेटमाथि संसदमा छलफल**

# नेपाल चिनाउने नीति आएन

नेपालको इतिहास, संस्कृति र भाषाप्रति गौरव गर्नेगरी शिक्षण गर्ने, नेपालको छुट्टै पहिचान दिगोरुपमा कायम गर्ने किसिमका योजना शिक्षा मन्त्रालयको बजेटमा आउन नसकेको सांसदहरुको टिप्पणी छ ।



> मेरो देशको समाज र संस्कृति अरुको भन्दा विशिष्ट छ, यसमा म गौरव गर्छु भन्ने कुरा हाम्रो बच्चाले पाठ्यक्रममा पढ्न पाउँदैनन् ।
>
> **चन्द्र भण्डारी**
> **सांसद, नेपाली कांग्रेस**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ जेठ ।

प्रतिनिधिसभामा मन्त्रालयहरुको बजेटमाथि छलफल सुरु भएको छ । मंगलबार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको बजेटमाथि सांसदहरुले आआफ्नो धारणा राखेका छन् ।

सरकारले आगामी आर्थिक बर्षका लागि शिक्षामा २ खर्ब ३ अर्ब ६६ करोड, कृषिमा ५७ अर्ब २९ करोड र श्रममा ८ अर्ब १० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ ।

मन्त्रालयगत बजेट छलफलमा भाग लिँदै सांसदहरुले नेपाल चिनाउने नीति आउन नसकेको टिप्पणी गरे । नेपालको इतिहास, संस्कृति र भाषाप्रति गौरव गर्नेगरी शिक्षण गर्ने, नेपालको छुट्टै पहिचान दिगो रुपमा कायम गर्ने किसिमका योजना शिक्षा मन्त्रालयको बजेटमा आउन नसकेको उनीहरुको टिप्पणी छ ।

नेपाली कांग्रेसका सांसद चन्द्र भण्डारी नेपालको इतिहास युवालाई पढाउन नसकिएको पृष्ठ २ मा



# धनगढीमा रात्रिकालीन बजार लाग्ने

**धनगढी/मस-** धनगढी उपमहानगरपालिकाले युवाहरूलाई पढ्दै कमाउने अवसर दिने भएको छ। धनगढी खुलामञ्चको सडक किनारमा उपमहानगरले रात्रिकालीन बजार लगाउने योजना बनाएको छ। युवाहरूले दिनमा अध्ययन गर्ने र साँझको समयमा आयआर्जन गर्न सकुँन् भनेर रात्रिकालीन बजार लगाउने योजना अघि सारिएको छ। युवाहरूलाई आयआर्जन गर्न सक्ने बनाउन हरेक आगामी वर्षबाट धनगढीमा हरेक वर्ष रोजगार मेला आयोजना गरिने भएको छ।




आगामी वर्षको बजेटमा उपमहानगरपालिकाले रोजगार मेला लगाउने भएको हो। संघ, प्रदेश र सुदूरपश्चिमका सम्पूर्ण स्थानीय तहसँग सहकार्य गरेर हरेक वर्ष रोजगार मेला लगाउने नगर प्रमुख गोपाल हमालले बताए। 'हामीले धनगढीमा हरेक वर्ष रोजगार मेला लगाउने सोच बनाएका छौँ। त्यसका लागि संघ सरकार, प्रदेश र सुदूरपश्चिमका स्थानीय तहसँग समन्वय गर्ने योजना छ।

युवाहरूलाई लक्षित गरेर रोजगार मेला गर्ने र सीप सिकाएर आयआर्जनको अवसर समेत दिने योजना धनगढी उपमहानगरको छ', हमालले भने। उपमहानगरपालिकाले आगामी वर्षदेखि युवाहरूलाई लक्षित गरेर रोजगार मेला आयोजना गर्ने भएको हो। नगर प्रमुख हमालले अध्ययन गरिरहेका युवाहरूलाई लक्षित गरेर पढ्दै कमाउने वातावरण सिर्जना गर्न रोजगार मेलापछि रात्रिकालीन बजारसमेत शुरू गरिने नगर प्रमुख हमालले बताए। उनले धनगढीको खुलामञ्चमा रात्रिकालीन बजार चलाउने बताएका छन्। उपमहानगरले आगामी वर्ष तिहार लगत्तै धनगढीमा रोजगार मेला गर्ने योजना बनाएको छ। युवाहरूलाई सीप सिकाउन रोजगार मेला आयोजना गर्ने र सीप हासिल गरेपछि उनीहरूलाई काम गर्न स्थान र वातावरण समेत प्रदान गरिने भएको छ।

सीप सिकेका युवाहरूका लागि धनगढीको खुलामञ्चमा रात्रिकालीन बजार लगाइने भएको छ। जसका लागि खुलामञ्च छेउको सडक किनारमा बिजुली जडान गर्ने लगायतका काम भइरहेका छन्। खुलामञ्चको सडक किनारमा साँझ ६ बजेदेखि १० बजेसम्म रात्रिकालीन बजार चलाउँदा क्याम्पस पढिरहेका युवाहरूले पढ्दै कमाउने अवसर पाउने नगर प्रमुख हमालले बताए।

खुलामञ्च क्षेत्रको रात्रिकालीन बजारमा लाइभ कन्सर्ट, खाना तथा नास्ताका पसल राख्न दिइनेछ। युवाहरू पढ्दै आयआर्जन गर्न सकुँन् र जाँडरक्सी र लागुऔषध जस्ता कुलतमा नफसुन् भनेर बढी भन्दा बढी युवाहरूलाई सीप सिकाउन र रोजगारी दिन संघ, प्रदेश र स्थानीय तहहरूले मिलेर काम गर्नुपर्ने नगरप्रमुख हमालले बताए। उपमहानगरपालिकाले २०८१ को तिहार लगत्तै रोजगार मेला आयोजना गरेर युवाहरूलाई सीपमूलक तालिम दिने र त्यसपछि खुलामञ्च क्षेत्रमा रात्रिकालीन बजार लगाउने भएको छ।

# वैदेशिक रोजगारको नाममा तीन सय बढीलाई ठग्ने तीन पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि अमेरिका, कम्बोडिया, न्युजिल्याण्ड र फ्रान्सलगायतका देशमा पठाइदिन्छु भन्दै १५ करोड हाराहारीमा ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।



काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले मंगलबार पत्रकार सम्मेलन गरी पक्राउ परेकाहरुलाई सार्वजनिक गरेको हो। नवीन चौधरीसहित १५ जना पीडितहरुको सामूहिक उजुरीका आधारमा उनीहरुलाई पक्राउ गरिएको प्रहरीले बताएको छ। उनीहरुले तीन सय जनाभन्दा बढी युवायुवतीलाई अमेरिका, न्यजिल्यान्ड, कम्बोडिया, फ्रान्सलगायतका देशमा वैदेशिक रोजगारीका लागि पठाइदिने भन्दै १५ करोड रुपैयाँ ठगी गरेको प्रहरीले बताएको छ।

पक्राउ पर्नेहरुमा चितवन भरतपुर महानगरपालिकाका राजकुमार भट्ट, कास्की माछापुच्छे गाउँपालिकाका नविन बिक र पोखरा महानगरपालिकाका पवन पन्त रहेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयलका प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले आकर्षक तलब सुविधासहितको वैदेशिक रोजगारीको प्रलोभन देखाएर उनीहरुले विगत ४ वर्षयता ३ सय जनाभन्दा बढीलाई ठगी गरिरहेका खुलेको बताए। एक जनाबाट ५ देखि १० लाखका दरले रकम उठाएको देखिएको भन्दै प्रहरी वरिष्ठ उपरीक्षक भट्टराईले उनीहरुले फेसबुक म्यासेन्जर, ह्वट्सएपलगायतका सामाजिक सञ्जालमा नक्कली खाता खोलेर वैदेशिक रोजगारीका भन्दै नक्कली विज्ञापन गरी ठगी गरेको हालसम्मको अनुसन्धानमा देखिएको बताए। ठगी गिरोहले विभिन्न व्यक्तिहरुको खातामा रकम जम्मा गर्न लगाइ, चेकमार्फत निकाल्न लगाएर, विभिन्न व्यक्तिलाई दिन लगाएर ठगी गर्ने तरिका अपनाएको पनि प्रहरीले बताएको छ।

पछिल्ला महिनामा अमेरिका, क्यानडा, न्युजिल्यान्डसहित युरोपेली मुलुकमा आकर्षक तलब सुविधाको वैदेशिक रोजगारीका लागि भन्दै अस्वभाविकरुपमा ठूलो रकम ठगी भएका उजुरी वैदेशिक रोजगार विभागमा पर्ने गरेका छन्। केही दिनअघि यस्तै ठूलो अंकको वैदेशिक रोजगार ठगीमा विकास बाइवा भन्ने सुजन तामाङ र अर्जुन तामाङ भन्ने कर्मा तामाङ पक्राउ परेका थिए।

उनीहरुले पनि युरोपेली मुलुकको वैदेशिक रोजगारीको नाममा तीन सय ३७ जनाबाट ५ करोड ५० लाखभन्दा बढी रकम ठगी गरेको उजुरी परेको थियो। विभागले वैदेशिक रोजगार न्यायाधिकरणमा दर्ता गरेको मुद्दा विचाराधीन छ। तामाङद्वयले युरो विइङस एजुकेसन कन्सल्ट्यान्सी नामको संस्थाको आडमा वैदेशिक रोजगारीमा माल्टा, क्रोएसिया, क्यानडा, पोल्याण्डलगायत देशमा पठाइदिन्छौं भन्दै झुटो प्रलोभन देखाएर उक्त रकम ठगी गरेको प्रहरीले बताएको छ। न्यायाधिकरणले माग गरेको धरौटी नबुझाएपछि तामाङद्वय पुर्पक्षका लागि जेल चलान भएका छन्। तर चर्को व्याजमा ऋण लिएर वैदेशिक रोजगारमा जान खाजेकाहरु पैसा कहिले फिर्ता पाउँछौं भन्दै विभाग धाउने गरिरहेका छन्।

# पालिकामै वृद्धवृद्धाको राष्ट्रिय परिचयपत्र विवरण दर्ता शिविर हुने

**राजकुमार के.सी./मध्यान्ह**
मकवानपुर, २९ जेठ

जिल्ला प्रशासन कार्यालय मकवानपुरले सामाजिक सुरक्षा प्राप्त गर्ने वृद्धवृद्धा र अपांगता भएका लाभग्राही लक्षित राष्ट्रिय परिचयपत्र विवरण दर्ता विशेष शिविर सञ्चालन गर्ने भएको छ।

मंगलबार एक सूचना जारी गर्दै जिल्ला प्रशासन कार्यालयले जिल्लामा रहेका ९ ओटा पालिकासँगको समन्वयमा उक्त पालिकाको केन्द्रमा बुधबारदेखि टोली खटाउने भएको हो।

मकवानपुर जिल्लाको ९ वटा पालिकाको केन्द्रमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ताको लागि टोली खटाइएको छ, भने हेटौंडा उपमहानगरपालिकाभित्र रहेको सामाजिक सुरक्षा भत्ताको लाभग्राहीहरुले जिल्ला प्रशासन कार्यालयमा नै विवरण दर्ता गराउन सक्ने बताइएको छ।

राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गराउन जिल्ला प्रशासन कार्यालयमा वृद्धवृद्धा र अपांगता भएकाहरु भीड लाग्न थालेपछि प्रशासन कार्यालयले सेवाग्राहीको सहजताका लागि पालिकाको केन्द्रमा परिचयपत्रको विवरण दर्ता गर्ने टोली खटाउने निर्णय गरेको हो।

नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८१/२०८२देखि सामाजिक सुरक्षा भत्ताको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गराउनेको भीड बढेको थियो।




राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गराउन विशेषतः ज्येष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरुले सास्ती पाएका थिए। शारीरिक रुपमा अशक्त बनिसकेका ज्येष्ठ नागरिकले परिचयपत्रको लागि विवरण दर्ता गराउन दिनभर लाइन बस्नुपर्दा कष्ट भोगेका थिए।

राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गराउनको लागि जिल्लाका दुर्गम क्षेत्रका वृद्धवृद्धाहरु लट्ठीको सहारामा र अपांगता भएका ब्यक्तिहरुले कार्यालय आउँदा निकै कष्ट व्योर्नु परेकोले उक्त विवरण दर्ताकोलागि पालिकाको केन्द्रमा नै टोली पठाउन लागेको प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले बताए।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका अनुसार राष्ट्रिय परिचयपत्रको विवरण दर्ताको लागि २ वटा टोली खटाइएको छ।

पहिलो टोलीले जेठ ३० गतेदेखि असार १ गतेसम्म राक्सिराङ गाउँपालिकामा, असार ३ गतेदेखि ६ गतेसम्म कैलाश गाउँपालिकामा, असार ८ गतेदेखि १३ गतेसम्म थाहा नगरपालिकामा, असार १५ गतेदेखि १८ गतेसम्म इन्द्रसरोवर गाउँपालिकामा विवरण दर्ता गर्नेछन्।

त्यस्तै दोस्रो टोलीले जेठ ३१ गतेदेखि असार २ गतेसम्म वागमती गाउँपालिकामा, असार ४ गतेदेखि ७ गतेसम्म बकैया गाउँपालिकामा, असार ९ गतेदेखि १२ गतेसम्म मकवानपुरगढी गाउँपालिकामा, असार १४ गतेदेखि १७ गतेसम्म भीमफेदि गाउँपलिकामा, असार १९ गतेदेखि २२ गतेसम्म मनहरी गाउँपालिकामा विवरण दर्ता गर्नेछन्। नागरिकले राज्यबाट सेवासुविधा प्राप्त गर्न राष्ट्रिय परिचयपत्रको प्रयोग अनिवार्य गर्दै जाने सरकारले रणनीति अघि सारेको छ। राष्ट्रिय परिचयपत्रमा उल्लेखित नम्बरका आधारमा नागरिकले पाउने सेवासुविधासहित व्यक्तिको आर्थिक र व्यापारिक कारोबारको सबै विवरण हेर्न सकिने सफ्टवेयरको परीक्षण भइरहेको छ।

आगामी साउनदेखि सामाजिक सुरक्षा भत्ता र पेन्सनको नवीकरण बायोमेट्रिक भेरिफिकेसनमार्फत गर्ने प्रणाली लागू गर्ने निर्णय भएको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेलले बताए।

हाल देशभर ३८ लाख ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता लिइरहेका छन्। पेन्सनबापत भने बर्सेनी करिब ७७ अर्ब खर्च हुने गरेको परिचयपत्र विभागले जनाएको छ। परिचयपत्र अनिवार्य गरेपछि एउटै व्यक्तिले दोहोरो सुविधा लिन खोजे प्रणालीले नै रोक्ने सफ्टवेयर निर्माण गरिएको छ।

पेन्सन र सामाजिक सुरक्षा भत्ता लिने ज्येष्ठ नागरिकका लागि पनि परिचयपत्रले सजिलो बनाउने विभागले जनाएको छ।

कुनै पनि नागरिकले राष्ट्रिय परिचयपत्र साथमा बोकेपछि अन्य परिचयपत्र नचाहिने व्यवस्था गर्न लागिएको महानिर्देशक कट्टेलले बताए। व्यक्तिगत जीवनमा आइपर्ने सबै क्षेत्रमा राष्ट्रिय परिचयपत्रलाई उपयोग गर्ने गरी रणनीति बनाउन राष्ट्रिय परिचयपत्र अनिवार्य बनाइएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी चिलुवालले बताए। पालिकाको केन्द्रमा राष्ट्रिय परिचयपत्र विवरण दर्ता शिविर सामाजिक सुरक्षा भत्ताको लाभग्राहीलाई केन्द्रित गरि सञ्चालन गरिएको र अन्य व्यक्तिका हकमा जिल्ला प्रशासन कार्यालयबाट नियमित राष्ट्रिय परिचयपत्रको विवरण दर्ता हुने प्रशासकीय अधिकृत सरोज पौडेलले बताए।

# मुद्दा मिलाइदिन्छु भन्दै ठगी गर्ने साह पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ जेठ

अनुचित लेनदेनका पीडितसँग रकम असुलेको आरोपमा एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय गौर अगाडि विगत केही समयदेखि सक्रिय रही अनुचित लेखदेनको पीडितलाई मिटरव्याजको निवेदन जिल्ला प्रशासन कार्यालयमा दर्ता गराइदिन्छु, तर ५० हजार दिनुपर्छ भनेर रकम लिइरहेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले सोमबार साँझ उक्त व्यक्तिलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा देवाही गोनाही नगरपालिका वडा नम्वर ७ घर भएका ४५ वर्षीय भरोसी साह रहेका छन्।



उनलाई रकम लिइरहेको अवस्थामा नियन्त्रणमा लिइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं डिएसपी एलिजा गिरीले जानकारी दिइन्।

साहले पीडितसँग ५० हजार रकम माग गरेको र उक्त रकम प्रमुख जिल्ला अधिकारी र कर्मचारीलाई बाँडफाँड गर्नुपर्छ भनेर रकम लिन लागेको थाहा पाएपछि नियन्त्रणमा लिइ आवश्यक अनुसन्धान पश्चात ठगी कसुर अन्तर्गत कारवाही शुरु गरिएको डिएसपी गिरीले बताइन्।

## देशभर...

पनि यसको लक्षण हो। यसका अलावा हड्डी तथा मांशपेशी निकै दुख्नु, आँखा तथा घांटी रातो हुनु, छाला, नाक, मुख आदिबाट रगत आउनु पनि यसको लक्षण अन्तर्गत पर्दछ।

चिकित्सकहरुका अनुसार डेंगुको कुनै बिशेष औषधि तथा खोप छैन। यसकारण डेंगु संक्रमित भएका बिरामीले यथेष्ट आराम गर्ने, झोलिलो खानेकुरा प्रशस्त खाने, सागसब्जी र फलफुल र गेडागुडीको रस, दाल, सुप नियमित खाने गर्नुपर्ने चिकित्सकहरु सुझाउँछन्। चिकित्सकले अर्को संक्रमण नहोस भन्ने उद्देश्यले सामान्य एन्टिबायोटिक चलाउन सक्छन। कडा एन्टिबायोटिकको आवश्यकता हुँदैन। तसर्थ जथाभावी एन्टिबायोटिक किनेर प्रयोग गर्नु हुँदैन।

## भ्रष्टाचार...

सागर पौडेल, लेखा अधिकृत विश्वराज पौडेल र जिल्ला समन्वय समितिका प्रमुख मेथुर चौधरीलाई विपक्षी बनाएको छ। मेयर थापाविरुद्ध आयोगले गत चैत २८ गते विशेष अदालत काठमाडौंमै ३३ लाख ५३ हजार अवैध आम्दानी गरेको भन्दै मुद्दा दायर गरेपछि निलम्बनमा परेका थिए।

## मागपत्र...

गर्नुपर्ने व्यवस्था दूतावासले गरेको बताएका छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यूएई मुलुक हेर्ने संयोजक नारायण भुसालले व्यवसायीबाट नेपाली दूतावासले सय जनाभन्दा बढीको आवेदन नलिएको गुनासो बढ्न थालेपछि आफूले दूतावाससँग छलफल गरिरहेको बताए।

यूएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले एक पटकमा कति अपलोड गर्न दिने, कम्पनी भ्रमण गरी वा अन्य माध्यमबाट जानकारी लिने, नेपाली भए-नभएको, सेवा सुविधा प्राप्त गरे-नगरेको, कसरी प्रक्रिया सहज, सरल, छिटो र छरितो बनाउने, कसरी राम्रोसँग म्यानेज गर्न सकिन्छ भनेर संख्या तोकिएको जानकारी दिए। राजदूत क्षेत्रीले खासगरी सप्लाइ कम्पनी र प्रतिष्ठित कम्पनीलाई कतिसम्म दिने भन्ने विषयमा छलफल भइरहेको र आवश्यक भए हरेक दिन वा हप्तामा एप्लाइ गरी अपलोड गर्न सक्ने विकल्प रहेकाले समस्या नहुने जिकिर गरे।

तर यूएईमा कामदार पठाउने व्यवसायीहरु एक पटकमा सय जनाको मात्रै डिमाण्ड प्रमाणीकरण गर्ने दूतावासको कार्यले ठूलो संख्यामा विदेशी कामदार ल्याउने योजना बनाएका यूएईमा कार्यरत बहुराष्ट्रिय लगानीका कम्पनी नेपालबाट झन्झटिलो प्रक्रिया भन्दै कामदार नलगी जुन मुलुकबाट कम झन्झटिलो तरिकाले कामदार ल्याउन सकिन्छ सोही मुलुकमा डाइभर्ट हुने खतरा देखिएको बताउँछन्।

अन्य मुलुकबाट सरल प्रक्रियामा छिटो-छिटो कामदार श्रम गन्तव्य मुलुकमा पुग्ने गरेपनि मागपत्र समयमा प्रमाणित नहुने र श्रम स्वीकृतिको प्रक्रियामा अनावश्यक झन्झट रहेका कारण कतिपयले विदेशी रोजगारदाताले नेपालबाट कामदार लैजाने मामिलामा दिक्दारी व्यक्त गर्दै आएका छन्।

यसअघि तत्कालीन श्रम सचिव एकनारायण अर्यालले समयमै मागपत्र प्रमाणित नहुने र श्रम स्वीकृतिको प्रक्रियामा रहेका अनावश्यक झन्झट हटाउन नसकेमा नेपालले अन्तर्राष्ट्रिय श्रम बजारमा कामदार पठाउने प्रक्रियामा सफलता पाउन नसक्ने बताएका थिए। उनले बंगलादेशबाट दुई हप्ता, भारतबाट डेढ महिनामा कामदार गइरहेको, तर नेपालले ६ महिना लगाउने गरेको भन्दै विदेशीले नेपाली कामदार कुर्नुपर्ने कारण नभएको अनुभव सुनाएका थिए।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि मागपत्र प्रमाणीकरणलगायतका समस्या समाधान गरी वैदेशिक रोजगार क्षेत्रलाई झन्झटरहित बनाउन नेपाली कामदार जाने प्रमुख रोजगार गन्तव्य मुलुकमा कार्यरत राजदूतहरुलाई नेपाल बोलाएर उच्चस्तरको छलफल गराएका थिए।

तर नेपाली दूतावासहरुले मागपत्र प्रमाणीकरणमा सहजीकरण गर्नुको सट्टा नियन्त्रणमुखी नीति लिएर दुःख दिने काममा वर्षौंदेखिको शैली यथावत राखेको व्यवसायीहरुले गुनासो गरिरहेका छन्। मलेसियाले गत मे ३१ तारिकदेखि नेपालीसहित विदेशी कामदार रोकेको छ। यूएईमा पनि मागपत्र प्रमाणीकरणमा अनुचित बन्देज लगाउने कार्यले नेपाल आउने रेमिट्यान्समा नै नकारात्मक असर पर्नसक्ने कतिपयको विश्लेषण छ।

## ललितपुरमा...

तालिमहरु सञ्चालन गर्न सकिने पनि बताइन्। बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्सालले रोजगार मेलाले सीप र कामको महत्व पनि बुझाउने बताए। ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले दैनिक १५ सयको हाराहारीमा वैदेशिक रोजगारीमा गइरहेको अवस्थामा रोजगार मेलाले थोरै भएपनि नेपाली युवालाई नेपालभित्रै रोकेर राख्न सक्यो भने त्यसलाई ठूलो उपलब्धिका रुपमा लिन सकिने बताए।

जेठ १७ गतेदेखि कोशी प्रदेशको विराटनगरबाट शुरु भएको रोजगार मेला बाग्मती प्रदेशको ललितपुरमा बुधबार सम्पन्न हुनेछ। मेलामा निजी तथा सरकारी क्षेत्रका ८० वटा स्टल रहेका छन्।

## लोकतान्त्रिक...

गरेका हुन्। नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको एशोसिएसनको गत जेठ ५ गते सम्पन्न निर्वाचनले नयाँ कार्यसमिति चयन गरेको हो।

एशोसिएसनमा अध्यक्षसहित प्रथम उपाध्यक्ष, द्वितीय र तृतीय उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष गरी ९ पदाधिकारी र १० सदस्य गरी १९ जनाको निर्वाचन हुने र ४ जना कार्यसमिति सदस्य निर्वाचित अध्यक्षले मनोनयन गर्ने व्यवस्था रहेको छ। निर्वाचित कार्यसमितिको कार्यकाल दुई वर्षको हुने व्यवस्था रहेको छ। सदस्य मनोनयनसँगै एशोसिएसन कार्यसमितिले पूर्णता पाएको छ।

## नेपाल...

बताउँछन्। यसलाई बजेटले ख्याल नगरेको उनको टिप्पणी छ। 'मेरो देशको समाज र संस्कृति अरुको भन्दा विशिष्ट छ, यसमा म गौरव गर्छु भन्ने कुरा हाम्रो बच्चाले पाठ्यक्रममा पढ्न पाउँदैनन्', उनले भने।

नेपाली शिक्षालयमा चिकित्सा शिक्षाका विषय पढ्न कोटा तोक्दा धेरै विद्यार्थी विदेश गइरहेको उनले बताए। जडिबुटीको खोज र उपयोग गर्ने भन्दा नाफाका लागि बनेका औषधिहरु प्रयोग गर्ने प्रवृत्तिमा सुधार ल्याउन शिक्षा मन्त्रालय र कृषि मन्त्रालयले ख्याल गर्नुपर्ने सांसद भण्डारीको सुझाव छ। नेकपा एमालेकी सांसद मेनुकाकुमारी पोखरेलले विश्वविद्यालय खोल्ने होड देखिएको तर कस्तो जनशक्ति उत्पादन गर्ने भन्नेमा ख्याल नभएको बताइन्।

'हामी शिक्षालाई प्राथमिकतामा राख्या भन्छौं। नारामा धेरै राख्यौं। व्यवहारमा कार्यान्वयन गर्ने कुरा बजेटमा पाउन सकिएन', उनले भनिन्। उच्च शिक्षा हासिल गरेका युवाहरु कहाँ छन् भनेर शिक्षा, श्रम र कृषि मन्त्रालयले खोज्नुपर्ने उनको भनाइ छ।

नेकपा माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलले शिक्षा मन्त्रालयमा केही राम्रा योजना रहे पनि लम्बेतान कार्यक्रम राखिएको बताए। उनले देशभरिका सामुदायिक क्याम्पसहरु बन्द हुने अवस्थामा रहेको विषयमा सरकारले ख्याल गर्नुपर्ने बताए।

प्राविधिक शिक्षा, श्रम र कृषि मन्त्रालय आपसमा सम्बन्धित रहेको बताउँदै सांसद पौडेलले ९ देखि १२ कक्षासम्म र उच्च शिक्षामा प्राविधिक विषय पढाउनुपर्ने बताए।

'शिक्षालाई सीपसँग नजोड्ने, सीपलाई श्रम र उत्पादनसँग नजोड्ने हो र शिक्षालाई खाली पढाइ भनेर अगाडि बढाइयो भने देशले प्रगति गर्न सक्दैन', उनले भने। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले ठोस कार्यक्रम ल्याए मात्र प्रभावकारी काम गर्न सकिने बताए। 'टुक्रे बजेट माग्ने अनि देशमा संस्थागत सुधार खोज्ने ?' भन्दै उनले सांसदहरु पनि सुध्रनुपर्ने बताए।

वैदेशिक रोजगारीमा सीपयुक्त मानिस कत्तिको पठाइँदै छ भन्ने ख्याल गर्नुपर्ने उनको सुझाव छ।

जनता समाजवादी पार्टीकी सांसद रञ्जुकुमारी झाले शिक्षा, श्रम र कृषि आपसमा अन्तरसम्बन्धित रहेको बताइन्। उनी भन्छिन्, 'शिक्षित भयो भने श्रममा काम लाग्छ र कृषिमा पनि काम लाग्छ।' नेकपा एकीकृत समाजवादीका सांसद अम्बरबहादुर थापाले तीनवटै मन्त्रालयको बजेट गरिबी अन्त्य गर्ने गरी आउन नसकेको टिप्पणी गरे।

'कृषिबाट मात्रै नेपालको गरिबी अन्त्य हुन्छ भन्ने सरकारले बुझ्न सकेन। गरिब किसानको जीवनस्तर माथि नउकासिएसम्म देश माथि उकासिँदैन', उनले भने। विदेश जाने युवाहरु पनि दक्ष नरहेको र दक्ष नहुनुको प्रमुख कारण गरिबी रहेको उनको बुझाइ छ। 'उनीहरुलाई दक्ष बनाएर रोजगार, स्वरोजगार हुने वा विदेश गए पनि दक्ष भएर जाने वातावरणका लागि बजेट आएन। यो क्षमता सरकारले राख्न सक्नुपर्ने हो', उनले भने।

कुनै देशलाई लथालिङ्ग पार्नु छ भने त्यस देशको शिक्षालाई लथालिङ्ग पारिदिए हुन्छ भन्ने नेल्सन मण्डेलाको भनाइ उद्धृत गर्दै उनले भने, 'शिक्षाबाटै देशको नीति तय हुन्छ। शिक्षामै देश छ। यसमा ध्यान नदिएसम्म देश अगाडि बढ्दैन।'

**UAE मा रोजगार** | कम्पनी: **SUPER PLUS CLEANING SERVICES** शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०२/२९ चलानी नं.: ६०२२०९७९ L.T. No.: 306367

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 175 | 125 | स. काममा दक्ष | 900 | ३२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ५ गते (19 June 2024) मा हुनेछ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा २०८१ असार ६ गते (20 June 2024) मा हुनेछ।
अन्तर्वार्ता शाखा कार्यालय भरतपुर, चितवनमा २०८१ असार ७ गते (21 June 2024) मा हुनेछ।
अन्तर्वार्ता नमस्ते जनप्रिय थकाली होटल, पोखरा, कास्कीमा २०८१ असार ८ गते (22 June 2024) मा हुनेछ।
अन्तर्वार्ता टाइम्स स्क्वार होटल, विर्तामोड, झापामा २०८१ असार ९ गते (23 June 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**NAUKRI NEPAL** Recruitment Service Pvt. Ltd.
Birendra Ayswarya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4962686 |4985786 | 4985784 |9801059994 | 9801059992 | 9801059997 | 9801056689,
Itahari : 025584776 /9816368105/9704675112/9826304008, Chitwan : 056-512369 | 056-512368 | 9761890793
9769328733 | 9766487682, Jhapa : 9801401300, Pokhara : 9707639170 Whatsapp : 9707639171 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com
| like us on facebook.com/naukri.nepal

**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: FUTURE SERVICES GENERAL TRADING & CONTRACTING CO.W.L.L. शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०८/०८ चलानी नं.: ६०२१०५५४ LT. No.: 295558 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bull Dozer Operator | 9 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६९,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Diesel Mechanic | 6 | 0 | | 140 | ६०,८३७ | | | | | | | |
| 3. | Electrician | 6 | 0 | | 140 | ६०,८३७ | | | | | | | |
| 4. | Grader Operator | 14 | 0 | | 160 | ६९,५२८ | | | | | | | |
| 5. | Heavy Driver | 19 | 0 | | 150 | ६५,१८३ | | | | | | | |
| 6. | Wheel Loader Operator | 4 | 0 | | 160 | ६९,५२८ | | | | | | | |

अन्तर्वार्ता सल्लाघारी चौर-१०, चितपोल, सुर्यविनायक, भक्तपुरमा २०८१ असार ५ देखि ९ गतेसम्म (19 to 23 June 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SHARON MANPOWER SERVICES PVT. LTD.**
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901 | 9861415480 | 9803126395 | 9801026390

# नीति तथा कार्यक्रमअनुसारकै बजेट आए कांग्रेसले पास हुन नदिने

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, २९ जेठ

नेपाली कांग्रेस सुदूरपश्चिम संसदीय दल सरकारमाथि खनिएको छ। संसदमा नीति तथा कार्यक्रम प्रस्तुत भएपछि विरोधका कार्यक्रम रोकेको कांग्रेस फेरि बिच्किएको हो।

मंगलबार संसदीय दलको कार्यालयमै पत्रकार सम्मेलन गर्दै बजेट नीति तथा कार्यक्रम अनुसार नै आए पास हुन नदिने कांग्रेसले चेतावनी दिएको हो। पत्रकार सम्मेलनमा बोल्दै पार्टी संसदीय दलका नेता तथा निर्वतमान मुख्यमन्त्री समेत रहेका कमल शाहले नीति तथा कार्यक्रम गलत रहेको र उक्त नीति तथा कार्यक्रम अनुसारको बजेट आए प्रतिवाद गर्ने बताए।

**सुदूरपश्चिम प्रदेश**



'यो नीति तथा कार्यक्रममा भएको धेरै कुरा बजेटमा आउनु हुँदैन। यसलाई सुधार गरेर लैजानुपर्छ' उनले भने, 'नीति तथा कार्यक्रम अनुसारको बजेट आए हामी प्रतिवाद गर्छौं।' उनले बजेटको रातो किताब हेरेर विरोधको शैली तय गरिने बताए।

'हामीले व्यक्तिगत फर्मलाई पैसा नहाल्ने प्रयास गरेका थियौँ, तर त्यो नीति तथा कार्यक्रममा आएका छन्' उनले भने'खल्तीका आयोजना हाम्रो नेतृत्वको सरकारले सृजना गरेको होइन आज पनि त्यही भइरहेको छ। हामी त्यसको विरोध गर्छौं।'

बिचौलियाको बिगबिगी भन्दै उनले बिचौलिया केन्द्रित बजेट आए पास गर्न नदिने बताए।

संघीय अनुदान कम आएको बेला सरकारले बढी बजेट ल्याउन खोजेर आर्थिक भार थप्न खोजेको भन्दै कांग्रेसले त्यसको विरोध गरेको थियो। 'बजेट बनाउने काम पार्टीका कार्यकर्ता र सचिवालय गरेको भन्ने सुनेको छु, यो दुर्भाग्य हो। यतातर्फ सरकारलाई गम्भीर बन्न आग्रह गर्दछु' उनले भने।

उनले कर्मचारीहरूलाई विधि प्रक्रियामा रहेर अगाडि बढ्न पनि आग्रह गरेका थिए। शाहले सरकारले गलत काम गरिरहेको भन्दै तत्काल सच्चिनु पर्ने बताए।

'५४ दिनमा सरकारले पूर्णता पाएको छ। मन्त्रालय भन्दा बढी मन्त्री छन्। सुदूरपश्चिमको लागि दुर्भाग्य हो। मन्त्रालय फुटाउने काम गरिँदैछ भन्ने सुन्दै छु' उनले भने, 'सरकारले सरकार जोगाउन यो प्रदेशलाई आर्थिक भार थप्ने कुराको कांग्रेसले विरोध गर्छ। मन्त्रालय टुटाएर फुटाएर राज गर्ने कुराको हामी विपक्षमा छौं।'

# उपसचिव सुरेन्द्र प्रधानले पाए फतुवा विजयपुरको थप जिम्मेवारी



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २९ जेठ

रौतहटमा कार्यरत उपसचिव सुरेन्द्र प्रधानले थप जिम्मेवारी पाएका छन्।

जिल्लाको कटहरिया नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यरत उपसचिव प्रधानले फतुवा विजयपुर नगरपालिकाको पनि प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी पाएका हुन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रधानलाई फतुवा विजयपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएको छ।

मन्त्रालयले त्यस पालिकाको हालका प्रशासकीय अधिकृत वकिल पालको जिम्मेवारी खोस्दै प्रधानलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएको हो।

फतुवामा अर्को प्रशासकीय अधिकृत हाजिर नहुन्जेलसम्मका लागि कटहरिया नगरपालिकाको कामम असर नपर्ने गरी फतुवा विजयपुर नगरपालिकाको प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्न खटाइएको सामान्य प्रशासन मन्त्रालयले मंगलबार जारी पत्रमा उल्लेख छ। मन्त्रालयले खटाएपछि प्रधान अब एकैसाथ कटहरिया र फतुवा गरी दुईवटै पालिकाको जिम्मेवारी सम्हाल्ने भएका छन्। फतिवा विजयपुर नगरपालिकामा यसअघि शाखा अधिकृत पाल प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यरत रहेका थिए।

# मनऋषि धितालका 'जनयुद्धकालीन डायरीहरु'माथि संवाद

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २९ जेठ

जुम्ला निवासी बरिष्ठ पत्रकार मनऋषि धितालका जनयुद्धकालीन प्रकाशित डायरीमाथिको संवाद गरिएको छ।

काठमाडौंमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विमोचिन गरेका गुफा प्रेसका चिठी, जेलयात्रा, गण्डकयात्रा, पिलियात्रा,राजमार्ग यात्रा, वेनियात्रा र आधार यात्रा जनयुद्धकालीन पुस्तकहरुको संवाद जुम्लामा गरिएको हो।

लेखक धितालको गृह जिल्ला जुम्लामा रहेको पत्रकार महासंघको हलमा गरिएको संवाद कार्यक्रममा स्थानीय शिक्षा क्षेत्रका प्राज्ञिक व्यक्तित्व, राजनीतिक दल, प्रशासन, वुद्धिजिवीले धितालको कृति निकै महत्वपूर्ण रहेको बताएका थिए।

पुस्तकको टिप्पणी गर्दै जुम्ला बहुमुखी क्याम्पसका प्रमुख डा.ओम प्रकाश आचार्यले पुस्तक आफैंमा इतिहासको जिवित दस्तावेज भएको बताए।




उनले पिलीयात्रा पुस्तक पश्चिम नेपालमा भएको घटनाको विषयमा भएका गतिविधिको उल्लेख रहेको बताए।

त्यस्तै राष्ट्रिय समाचार समितिका प्रमुख शुरबहादुर सिंहले गुफा प्रेसका चिठीको टिप्पणी गरेका थिए। उनले युद्धमा एक साथी अर्कोमा सञ्चार गर्न, दुःख, सुख, रोदन र जागर जस्ता क्रियाकलपाको विषयमा सञ्चार गरिरहेको बताए।

त्यस्तै लेखक तथा साहित्यकार खडानन्द चौलागाईंले धितालको जेल यात्राको टिप्पणी गरेका थिए। उनले आन्दोलनको मौदानमा जाँदा जेल भुक्तान गरेको विषय निकै संघर्षको कथा रहेको बताए। त्यस्तै कर्णाली माध्यामिक विद्यालयका प्रधानाध्यापक मिनराज शर्माले राजमार्ग यात्रा पुस्तकको समीक्षा अनुसार राजमार्ग क्षेत्रमा भएका तत्कालीन गतिविधिको विषयमा पुस्तकले प्रष्ट पारिएको बताए। त्यस्तै नेकपा माओवादी केन्द्रका वुद्धिजिवी संगठन जुम्लाका अध्यक्ष हिक्मत बुढ्थापाले किताबले आफैंमा त्यसबेलाका गतिविधिका विषयमा जोड दिइएको बताए।

त्यस्तै पुस्तकको समीक्षा गर्दै प्रमुख जिल्ला अधिकारी जय कुमार घिमिरेले तत्कालीन अवस्थामा भएका र लागेका कुराहरुलाई दस्तावेजीकरण आफैंमा महत्व भएको बताए।

त्यस्तै नेकपा एमालेका जिल्ला अध्यक्ष शान्तिलाल महतले हरेक वेलाका क्रान्तिलाई सघाउने केही दस्तावेजको महत्व भिन्नै हुने बताए।

त्यस्तै नेपाल कम्युनिष्ट पार्टीका जिल्ला इन्चार्ज विर्ख बहादुर शाहीले युद्धमा भोगेका बिषयमा लेखकले थालेको इतिहास पढ्न पाउने अवसर पाएको बताए।

त्यस्तै नेकपा क्रान्तिकारी कम्यूनिष्ट पार्टीका जिल्ला इन्चार्ज प्रेम प्रकाश ओलीले धितालका प्रकाशित किताबको अवस्था युद्धमा भोगेका कारण आज अध्ययन गर्न पाइने अवसरका लागि धन्यवाद ज्ञापन गरे।

त्यस्तै नेपाल राष्ट्रिय कर्मचारी संगठनका कर्णाली प्रदेश अध्यक्ष देवेश्वर गिरीले विद्यालय स्तरमा समेत किताब पुग्न आवश्यक रहेको बताए।

त्यस्तै लेखक मनऋषि धितालले आफु जन्मेको स्थानमा किताबको संवाद गर्न पाउँदा प्रेरणा मिलेको बताए। कर्णाली संवाद कार्यक्रमका अध्यक्ष तथा इलमका संरक्षक खेमराज लकाईले कर्णालीले दिएको आतित्थ्यता देख्दा गर्व लागेको बताए।

त्यस्तै माक्वादी ज्ञान केन्द्रका कर्णाली प्रदेश अध्यक्ष जयशंकर धितालले युद्धकालीन डायरी आफैंमा इतिहास बोकेको बताए।

# बुलबुले तालमा सञ्चालित मोटरबोटको उद्घाटन

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २९ जेठ

सुर्खेतको बुलबुले तालमा आधुनिक डुंगा (मोटरबोट) सञ्चालन शुरु गरिएको छ। पर्यटन विकासका लागि वीरेन्द्रनगर-१०स्थित बुलबुले तालमा इन्जिन डुंगा सञ्चालन गरिएको हो।

मंगलबार कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले डुंगा (मोटरबोट) सञ्चालनको उद्घाटन गरेका हुन्। डुंगा केही दिन अगाडिदेखि सञ्चालन भएपनि मंगलबार एक कार्यक्रमको आयोजना गरेर आधिकारिक रूपमा सञ्चालनमा आएको हो।




डुंगा सञ्चालनको जिम्मा पाएका पर्यटन व्यवसायी विष्णु ढकालले आफूसँग यस कार्यसम्बन्धी २१ वर्षको अनुभव भएको बताए। यति बेला बुलबुले तालमा भएको पानी निकै धमिलो छ। उनले ताल दुई मिटर डेफ्थ भए पानी धमिलो नहुने बताए। साथै व्यवसायी ढकालले एक हजार बढी पर्यटक बुलबुले आउने गरेको बताए।

यस्तै कार्यक्रममा बोल्दै सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेलले टुक्रे योजना नभइ एकीकृत योजनाका साथ बुलबुले उद्यानलाई अगाडि लैजानुपर्ने बताए।

उनले उद्यानभित्र भएका खाली जग्गाहरू पनि प्रयोगमा ल्याउनुपर्ने बताए। बुलबुले तालमा डुंगा सञ्चालन गरेर ठूलो उपलब्धी भएको उनको भनाइ छ। अध्यक्ष कँडेलले समृद्ध कर्णालीको लागि दिगो विकास हुनुपर्ने उल्लेख गरे। यस्तै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री दुर्गबहादुर रावतले सरकारको तीन खम्बे अर्थ नीतिले निकै सहयोग भएको जिकिर गरे।

उनले सुर्खेतलाई पर्यटकीय हिसाबले कर्णालीको पहिचान दिनसके मात्र कर्णालीलाई चिनाउन सकिने बताए।

साथै कर्णालीमा निजी क्षेत्रमा लगानी गर्न डराउन नपर्ने अवस्था भएको मन्त्री रावतले बताए। यता मुख्यमन्त्री यामलाल कँडेलले निजी क्षेत्रलाई प्रोत्साहन गर्न आफू तयार भएपनि सरकारले ल्याउने बजेटमा भर पर्न समेत आग्रह गरे। उनले बुलबुलेलाई पिकनिक स्पट भन्दा पनि सौन्दर्य रण गरिनुपर्ने बताए।

रारा र काँक्रेविहार आफ्नो प्राथमिकता रहेको मुख्यमन्त्री कँडेलको भनाइ छ।

नगरप्रमुख मोहनमाया ढकालले सरकारले ठाउँ अनुसार लगानी गर्नुपर्ने अवस्था आएको बताइन्। उनले पर्यटकीय विकासका लागि यो महत्त्वपूर्ण काम भएको दाबी गरिन्। तालको पर्यटकीय विकासका लागि सबैले हातेमालो गर्नुपर्ने उनले बताइन्। काललाई अझ व्यवस्थित र रमणीय बनाउनुपर्ने प्रमुख ढकालको भनाइ छ।


## SAUDI मा रोजगार | कम्पनी : ETERNAL STAR COMPANY FOR MAINTENANCE AND OPERATION

शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७४९४ LT. No.:282098 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tire Installer | 1 | 0 | स. काममा दक्ष | 2200 | ७८,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ असार ५ गते (19 June 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Jhapa: 023- 536663, 9826969623, 9808465610, 9817978774, 9814984440



## बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८१/०२/३०**

यस नगरपालिकाबाट चालु आर्थिक बर्ष २०८०/०८१ मा प्रकाशित दरभाउपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका दर भाउपत्रहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम ९(क) बमोजिम मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि छनौट भई आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा (५) बमोजिम स्वीकृतिका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीका लागि यो दरभाउपत्र स्वीकृत गरिएको सूचना सम्प्रेषण गरिएको छ।

**निम्न**

| दरभाउपत्र नम्बर | स्वीकृत भएको दरभाउपत्रदाताको नाम, ठेगाना | कुल कबोल रकम रु. |
|---|---|---|
| 05/BELAKA/SQ/GO/2080-081 | नेपाल प्लास्टिक प्रा.लि., धरान, सुनसरी | ६,४९,५७३.१६ |
| 07/BELAKA/SQ/GO/2080-081 | एल.बि. मल्टिपर्पोज कम्पनी प्रा.लि., मेलम्ची, सिन्धुपाल्चोक | १५,५३,७५०.०० |

**प्रमुख प्रशासकीय अधिकृत**



**संस्थापक शेयर खरिद गर्न चाहनुहुने संस्थापक शेयरधनी महानुभावहरुलाई जरुरी सूचना**

(प्रकाशित मितिः २०८१/०२/३०)

यस कम्पनीको संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयर विक्रि गर्ने इच्छा जाहेर गरी यस कम्पनी समक्ष निवेदन दिनुभएकोमा उक्त निवेदन संचालक समितिको बैठकमा पेश हुँदा रित पुर्‍याई खरिद विक्रि गर्ने प्रकृया अघि वढाउने निर्णय भएकोले सो संस्थापक शेयर खरिद विक्रिमा साविकका संस्थापक शेयर धनीहरुलाई प्राथमिकता दिनुपर्ने विद्यमान व्यवस्था भएको हुँदा यस कम्पनीको सम्पूर्ण संस्थापक शेयर धनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः कुनै संस्थापक शेयरधनीलाई संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको प्रधान कार्यालय कमलादी, काठमाडौंमा निवेदन दिनुहुन अनुरोध छ। सो समयभित्र प्राप्त निवेदनका आधारमा शेयर खरिद विक्रि प्रकृया अघि वढाइने व्यहोरा समेत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदछौं।

**RELIANCE FINANCE LIMITED**
**रिलायन्स फाइनान्स लिमिटेड**
**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा



**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office
**Dunai, Dolpa, Nepal.**

**Notice to Open Financial Bids**

***Date of publication: 2081/02/30 (12th June, 2024)***

Persuant to Rule 31(Ja), sub-rule (5) of Public Procurement Regulation, 2064, this is hereby notified to all concerned bidders who bid as per our notice having contract ID: IDO/DOP/W/BB/NCB/26/080/081 published in Madhyanna Rastriya daily dated 2080/12/27 (BS), respectively and the list of substantively responsive bids of successful bidders in technical proposal have been listed below. **List of Successful Bidders :**

| Contract ID | IDO/DOP/W/BB/NCB/26/080/081 |
|---|---|
| Project Details | Construction for Dunai kalika mandir Dekhi Jilla Hospital Jodne Bailey Bridge, Thulibheri Minicipality- 03- Dolpa and Chilikhara Bailey Bridge Jagadhula RM, Dolpa, Nepal |
| list of substantively responsive bids of successful bidders in technical proposal | 1. M/s R.I.D.A.R.C. Nepal, Lalitpur. |

All the qualified bidders in technical bids are therefore, notified to send their authorized representative for financial opening of bid on 19th June, 2024 at (2081/03/05) BS 10:00 hrs in the Infrastructure Development office, Dunai, Dolpa.





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३० जेठ २०८१, बुधबार
12 June 2024, Wednesday

## सम्पादकीय

# संविधान नचिन्ने बजेट

संघीय संसदमा छलफल चलिरहेको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटप्रति सत्तारूढ सांसदहरूबाटै असन्तुष्टि देखिएको थियो । प्रमुख सत्ता साझेदार दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आफैले सार्वजनिक मन्तव्य मार्फत् बजेटप्रति असन्तुष्टि जनाएका थिए । सत्ता साझेदारबीच छलफल नभई बजेट आएको उनको टिप्पणी थियो । पार्टी अध्यक्ष एवं संसदीय दलको नेता ओलीकै असन्तुष्टि भएपछि एमालेका अरू सांसदहरूले पनि गुनासो गर्नु स्वभाविक हो । विपक्षी दलहरूले असन्तुष्टि जनाउनु अझ स्वभाविक हो । किनकि बजेटप्रति सत्तारूढको समर्थन र विपक्षीले विरोध गर्नु परम्पराजस्तै बनेको छ । तर बजेट पारित हुने र कार्यान्वयनमा जानु पनि स्वभाविक परम्परा हो ।

तर विनियोजित बजेटको प्रकृति र शीर्षक हेर्दा एमाले सहित सत्तारूढ सहित विपक्षीले मात्रै नभएर स्वयं नेकपा माओवादी केन्द्रकै सांसदहरूबाटै बजेट सच्याउन माग गरिनुपर्ने देखिन्छ । उदाहरणका निम्ति शहरी विकास मन्त्रालयको बजेट शीर्षकलाई लिन सकिन्छ । अस्वभाविक रूपमा ९२ अर्ब बजेट विनियोजन गरिएको शहरी विकास मन्त्रालयले बजेटको शीर्षक बमोजिमको प्रतिवेदन सार्वजनिक गरेको छ । सार्वजनिक प्रतिवेदन अनुसार ९२ अर्ब बजेटलाई ७ हजार ५३४ आयोजनामा विनियोजन गरिएको छ । त्यसरी बजेट विनियोजन हुँदा झापा जिल्लामा मात्रै २२१ वटा आयोजना छन् । रोल्पामा १५२, डोल्पामा २०८ र गोरखामा १२० आयोजनाका निम्ति बजेट विनियोजन गरिएको छ । यी मध्ये ठूलो संख्यामा एक लाख रूपैयाँ शीर्षकका आयोजना राखिएका छन् । अर्थात् स्थानीय सरकारमार्फत् गरिनुपर्ने काम सिंहदरबारबाटै भइरहेको उदाहरण सहरी विकास मन्त्रालयको बजेटबाट बुझ्न सकिन्छ ।

शहरी विकास मन्त्रालयकै जस्तो बजेट अरू मन्त्रालयबाट विनियोजन भएको छ । कृषि तथा पशुपंक्षी, संस्कृति, पर्यटन तथा नागरिक उड्ययन, शिक्षा तथा विज्ञान प्रविधि लगायत मन्त्रालयले यस्तै टुक्रे आयोजना विनियोजन गरिएको छ । अनि टुक्रे आयोजनामा बजेट विनियोजन गर्न आवश्यक छलफल भए वा नभएको तर्क सत्तारूढ दलहरूबीच भइरहेको देखिन्छ । जबकी हुनुपर्ने बहस चाहिँ उल्टो हो । संघीय सरकारले मुलुकका ठूला आयोजना मात्रै राखेर साना र प्रत्यक्ष जनतासँग जोडिने आयोजना स्थानीय सरकारबाट गरिनुपर्ने हो । मझौला आयोजना प्रदेशबाट गरिनुपर्ने हो । संविधानको व्यवस्था समेत त्यही हो । तर संविधानको भावना र व्यवस्था बिपरीत संघीय सरकार र तिनका मन्त्रीहरू स-साना आयोजनाहरूमा अल्मलिएर संघीयताको न्यूनतम भावना समेत बुझ्न सकिरहेका छैनन् ।

## तपाईंको राशिफल

- मेष : पठन पाठनमा ध्यान जानेछ । राजनैतिक सहयोग राम्रो रहनेछ ।
- वृष : आर्थिक पक्ष मजबूत हुनेछ । जोखिम लिनु हुँदैन ।
- मिथुन : सोच विचार गरेर काम गर्नु होला । बाहरी सहयोग राम्रो रहनेछ ।
- कर्कट : मनोरञ्जनतर्फ ध्यान लाग्नेछ । साथै, धन लाभ पनि हुनेछ ।
- सिंह : दैनिक व्यस्तता धेरै रहन्छ । शान्तिपूर्वक कार्य गर्नु होला ।
- कन्या : समारोहमा सहभागिता हुनेछ । नयाँ सम्पर्क बन्नेछ ।
- तुला : आफन्तसित विवाद हुनेछ । विनम्रतापूर्वक कार्य गर्नु होला ।
- वृश्चिक : कार्यमा नोक्सान हुनेछ । धर्मपालनामा रुचि देखिन्छ ।
- धनु : विकारको योग छ । स्थान परिवर्तनको योग छ ।
- मकर : व्यापारिक यात्रा सफल हुनेछ । धेरै भरोसा गर्नु हुँदैन ।
- कुम्भ : बानी व्यवहारमा सुधार गर्नुपर्छ । घरेलू कार्य सफल हुनेछ ।
- मीन : आफ्नो काममा मात्र ध्यान दिनु होला । स्वास्थ्य राम्रो रहनेछ ।




आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम ।
सानेपा, काठमाडौं, नेपाल,
फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

# के क्रान्तिका लागि परिस्थिति अनुकूल छ ?

*नेपालको कूल मतदाता जनसंख्याको (खासगरी खसेको मतको) ६५ प्रतिशत जनमत कम्युनिष्ट तथा बाम पक्षमा रहँदारहँदै पनि क्रान्तिकारी नेतृत्व जनमतमा स्थापित रहन नसक्नु पनि हाम्रो सन्दर्भमा गम्भीर समीक्षाको विषय रहेको छ ।*

अग्रलेख



● लेखराज रेग्मी

विश्व कम्युनिष्ट आन्दोलनमा राजनैतिक अर्थशास्त्रीय कोणबाट उत्पादन र उपभोगको असन्तुलनले ल्याउने पुँजीवादी संकटको धेरै चर्चा गरिएको छ । यसले मन्दी, मौद्रिक तरलता र मालको बजारीकरण र उपभोक्ता संकट पैदा गर्छ । यसले पुँजी परिचालनमा समस्या पैदा गर्छ । राजश्वमा कमी आउन थाल्छ र सरकार कल्याणकारी कार्य गर्न, नियमित प्रशासनिक काम चलाउन असक्षम बन्न थाल्छ । यसले एक अर्काबाट बजार कब्जा गर्ने होड र युद्धको स्थिति बन्छ । दुनियाँमा यस्ता संकटको एउटा रुटिन बन्दो रहेछ हरेक दश वर्षभित्र यस्तो परिस्थिति दोहोरिने गर्छ भन्ने मोटामोटी लेखाजोखा गरिएको छ ।

यो समस्या देखा पर्न थालेपछि पुँजीपतिहरू उत्पादन घटाउने र मजदुर बेदखली गर्ने कृत्रिम अभाव खडा गर्ने जस्ता कामहरू गर्न थाल्छन् । अर्को भाषामा सिन्डिकेट लागू गरिन्छ र मूल्य बढाएर समस्या समाधान गर्ने उपाय गर्न थालिन्छ । यसले मुद्रा संकट हल गर्न मुद्रा अवमूल्यन अर्थात् मुद्रास्फिति बढाइन्छ र संकट केवल उत्पादन र बजारमा मात्र सीमित हुँदैन सर्वव्यापी हुन थाल्छ । सामाजिक अमन खल्बलिन्छ । यसले चौतर्फी असन्तोष बढ्छ । राज्य दमनको बाटोमा आउँछ । आर्थिक संकट राजनैतिक संकटमा फेरिन थाल्छ ।

मार्क्सवादीहरू यस्तो संकटलाई क्रान्तिकारी ढंगले समाधान गर्ने कुरा गर्छन् । यस्तो बेलामा आर्थिक, सामाजिक असन्तोषलाई राजनैतिक ढंगले हल गर्न श्रमिक वर्गको राजनैतिक संगठन अर्थात् कम्युनिष्ट पार्टीहरूले बुर्जुवा सत्तामा धावा बोल्न र आफ्नो सत्ता कायम गर्न तत्पर रहनुपर्ने कुरामा जोड दिन्छन् । यसरी श्रमिक वर्गको लागि अनुकुल बन्ने स्थितिलाई क्रान्तिकारी परिस्थिति भनिन्छ । यो निश्चित अवधिमा दोहोरिएर आउने अनुमान छ । यसकारण धैर्यपूर्वक सामाजिक चेतना बढ्ने गतिविधि गर्दै जनतालाई व्यापकरूपमा सचेत र सङ्गठित गर्दै आन्दोलनको लागि आवश्यक तयारी गर्दै निरन्तर लागि रहनुलाई क्रान्तिकारी कार्य भनिन्छ ।

